अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

**श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह**

**शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डबरी, दाङ**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/०६/२१**

निमप्रसाद थापा
अध्यक्ष

श्री चौतारी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डबरी, दाङमा घाट्गद्दी गरिएको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ (१)वमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०६/२१ गते दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिन दिनको कार्यालय समय भित्र यस चौतारी सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डबरी, दाङ वा डिभिजन वन कार्यालय दाङ (दाङ), घोराही दाङमा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डबरी दाङमा दाखिला गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको काठ सम्बन्धी कारोबार गर्ने वन नियमावली- २०७९ को नियम १२८ बमोजिम सुचिकृत फर्म वा संस्थालाई आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

**१.वन पैदावारको विवरण**

| लट नं. | वनपैदावारको जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | न्युनतम दररेट | मुल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न्युनतम मुल्य रू. | संकलन खर्च रू. | |
| १ | सिसौ (वृक्षारोपण) | गोलिया | ए | २७ | २२९.९१ | ७०० | १६०९३७ | ४४८३२.४५ | |
| | सिसौ (वृक्षारोपण) | गोलिया | बि | १०९ | ३५७.८३ | ५०० | १७८९१५ | ६९७७६.८५ | |
| | **लट नं. १ काठको कुल जम्मा** | | | **१३६** | **५८७.७४** | | **३३९८५२** | **११४६०९.३०** | |
| **गोलिया काठको संकलन खर्च प्रति क्यू.फि. रू १९५।-** | | | | | | | | | |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०७/१० गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०७/११ (ख) समय १२.०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक तुलसिपुर, शाखामा रहेको यस समूहको खाता नं. ४१६०१०००२०१४९०१० मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम न्यूनतम मूल्य दश (१०) लाख भन्दा कम भएको खण्डमा प्रति लटको रु. १०००।- र दश (१०) लाख भन्दा बढी भएको खण्डमा प्रति लटको रु. २०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस चौतारी सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गा.पा.-६, सुन्डबरी दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

निमप्रसाद थापा

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी लगायतका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०७/११ गते वा सो दिन सार्वजनिक विदा परेको खण्डमा सो को भोलीपल्ट यस समूहको कार्यालयमा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, सङ्कलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनुपर्नेछ। प्रतिलिपी, समूहको छाप नलागेको र अध्यक्षको दस्तखत नभएको बोलपत्र फारम मान्य हुने छैन।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य विस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

निमप्रसाद न्यौपाने

निमप्रसाद न्यौपाने

अध्यक्ष अध्यक्ष

चौतारी सा.व.उ.स., शान्तिनगर-६, सुन्डबरी, दाङ